प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/०५
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ५३६, भक्तपुरमा ७१, ललितपुरमा ६२, काभ्रेपलान्चोकमा १५, मकवानपुरमा ७, धादिङमा ६, नुवाकोटमा ५, दोलखामा ३, सिन्धुलीमा २ र सिन्धुपाल्चोकमा १ जम्मा ७०८ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- मध्यपुर थिमी, भक्तपुर निवासी ८४ वर्षिया पुरुषलाई श्वासप्रस्वासमा समस्या आई भाद्र ३० गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ३ गते निधन भएको छ । उहाँको भाद्र ३१ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै इतछें-२, भक्तपुर निवासी ६२ वर्षिया पुरुषलाई भाद्र ३१ गते काठमाण्डौ मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ४ गते निधन भएको छ । क्षयरोग र कलेजोको समस्याले ग्रसित उहाँको असोज १ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- कलंकी, काठमाण्डौ निवासी ५८ वर्षिया पुरुषलाई मुटु र श्वासप्रस्वास सम्बन्धि समस्या आई भाद्र ३० गते बि एण्ड बि अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ४ गते निधन भएको छ । उच्च रक्तचापले ग्रसित उहाँको भाद्र २५ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै सानो गौचरण, काठमाण्डौ निवासी ७३ वर्षिया पुरुषलाई श्वासप्रस्वास सम्बन्धि समस्या आई भाद्र ३० गते ह्याम्स अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उच्च रक्तचापले ग्रसित उहाँको भाद्र २५ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- मनहरी, मकवानपुर निवासी ६८ वर्षिया पुरुषको घरमै आइसोलेसनमा भाद्र २९ गते मृत्यु भएको छ । श्वासप्रस्वास सम्बन्धि समस्या, उच्च रक्तचाप र मुटुरोगले ग्रसित उहाँको भाद्र ३० गते कोभिड-१९ पुष्टि भएको

थियो । त्यस्तै हेटौडा, मकवानपुर निवासी १७ वर्षिया महिलालाई श्वास्प्रस्वास सम्बन्धि समस्या, निमोनिया भई भाद्र २२ गते चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ४ गते निधन भएको छ । उहाँको भाद्र २४ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- सातदोबाटो-६, ललितपुर निवासी ५८ वर्षिया महिलालाई ज्वरो, श्वास्प्रस्वास सम्बन्धि समस्या, निमोनिया भई असोज ३ गते अल्का अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ४ गते निधन भएको छ । उच्च रक्तचापले ग्रसित उहाँको असोज ४ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै एकान्तकुना, ललितपुर निवासी ६१ वर्षिया पुरुषलाई असोज १ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ४ गते निधन भएको छ । उहाँको असोज २ गते कोभिड-१९ पुष्टि भएको थियो ।
- दोलखाकी ५२ वर्षिया महिलालाई सेरेब्रोभास्कुलर अक्सिडेन्ट भई असोज ३ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उच्च रक्तचापले ग्रसित उहाँको असोज ४ गते कोभिड-१९ पुष्टि भएको थियो । कालिका-५, चितवनका ५५ वर्षिया पुरुषलाई श्वास्प्रस्वासको समस्या भई भाद्र ४ गते चितवन मेडिकल कलेजमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ४ गते निधन भएको छ । उच्च रक्तचापले ग्रसित उहाँको असोज ३ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब तेत्तिस प्रतिशत (३३.३६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ६५२७६ (१००%) | २१७७८ (१००%) |
| निको भएको | ४७२३८ (७२.४%) | ११३९६ (५२.३%)* |
| उपचाररत | १७६११ (२६.९%) | १०२२७ (४७.०%)* |
| मृत्यु भएको | ४२७ (०.७%) | १५५ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०५ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०५ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८६७५ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५३६ जना बस्दै आउनुभएको र १३४१ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२२० वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७८३ जना (होम आइसोलेसन सहित) बस्दै आउनुभएको छ । आजको मिती सम्मको विवरण अनुसार यस प्रदेशमा ८३२६० जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ५३६ | १४१५३ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ६२ | १६१२ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | १२९ | ७३८८ | ७१ | १५३३ |
| रसुवा | २५५ | १ | ० | ३५ | ० | ८५६ | | २० |
| नुवाकोट | ९५३ | ६१ | ७ | ४० | ११ | ४३५० | ५ | १४५ |
| धादिङ | ३१५ | २० | २० | १०४ | २४ | ३१७४ | ६ | ३९८ |
| चितवन | २४६५ | ७० | ४८५ | ३५५ | ९९३ | १५७७९ | | १६९६ |
| सिन्धुली | ३९२ | ३३ | ८ | ४३ | ४ | २७२० | २ | ११२ |
| मकवानपुर | ४०७ | २२ | ४ | ३०० | १५४ | ८७२९ | ७ | १२६० |
| रामेछाप | ४९० | ६५ | ४९ | ९८ | १२ | १३२९ | | १३६ |
| दोलखा | १९३ | ७ | १६ | ४४ | ८ | २०९७ | ३ | १२३ |
| काभ्रेपलान्चोक | ८९० | ५२ | १३७ | १७८ | ६२ | ४३८१ | १५ | ४४४ |
| सिन्धुपाल्चोक | ७८९ | ५५ | १०३ | ५६ | ४ | ३६३४ | १ | १४६ |
| जम्मा | ८६७५ | ५३६ | १३४१ | ३२२० | ३७८३ | ८३२६० | ७०८ | २१७७८ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २३६६८ | १७६ | १२७ | ५२ जना: मकवानपुर-४, बारा-२, फलोअप-४६ | ७५ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ५०५९ | १०८ | ९७ | ११ जना: काभ्रेपलान्चोक-८, फलोअप-३ | ८६ | |

हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला २६० स्वाब परिक्षण हुने क्रममा रहेको छ। त्यस्तै धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको थप ४० स्वाब परिक्षण हुने क्रममा छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०५

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०५

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई